# लालबन्दी नगरपालिका□रा आयोजित आ.व.२०७४□०७५ का लागि पूर्व योजना तर्जुमा गोष्ठी:

## मिति:२०७३□०८□१९

स्थान:
लालबन्दी नगरपालिका
सभाहल
लालबन्दी –४, सर्लाही

प्रस्तुत कर्ता :
श्री होम बहादुर थापा
कार्यकारी अधिकृत:
लालबन्दी न.पा., सर्लाही


नमस्कार

## १.गोष्ठीका उद्देश्यहरू :

- सहभागितात्मक योजना तर्जुमा प्रकृया बारे जानकारी गराउने ।
- नगरको वस्तु स्थिति र विकास अवस्था बारे छलफल गर्ने ।
- नेपाल सरकारबाट प्राप्त बजेट सिलि□ तथा मार्गदर्शन बारे जानकारी गराई छलफल गर्ने
- नगरपालिका, विषयगत निकाय र गै.स.स.हरूको भूमिका बारे छलफल गर्ने ।
- प्राथमिकता निर्धारण गर्ने आधार, सामाग्री तथा तरिका-Tools & Techniques) बारे जानकारी गराउने ।
- योजना माग फारम कसरी भर्ने ? बारे जानकारी दिने ।
- टोल बस्ती स्तरदेखि नगर परिषद् सम्मका योजना तर्जुमा समितिको बैठकहरूको मिति, समय र स्थान बारे जानकारी गराउने ।
- नतिजामुलक र दिगो विकासका लागी छडके योजना प्रवेशलाई निरूत्साहित गर्दै आयोजना छनोट प्रकृयामा एकरूपता ल्याउने ।

## २.स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार आयोजना छनौटका आधारहरू :

- बढीभन्दा बढी स्थानीय वासिन्दाहरूको सहभागिता र श्रम प्राप्त हुने ।
- स्थानीय स्रोत, साधन सीप र क्षमताको प्रयोग हुने ।
- सर्वसाधारण जनतालाई तत्काल फाईदा हुने ।
- रोजगार प्रवर्द्धन हुने तथा आयमूलक कार्यक्रमहरू ।
- कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउने ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनको दुष्प्रभाव न्युनीकरणमा सहयोग पुऱ्याउने ।
- महिला, दलित, उत्पीडित जाति□जनजाति, बालबालिका लगायत लक्षित वर्गहरूलाई बढी फाईदा पुग्ने ।

## ३. चौधौं राष्ट्रिय आवधिक योजना (२०७३/०७४-२०७५/०७६)

### क. सोच

स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं समृद्ध नेपाली ।

### ख. लक्ष्य

सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने ।

### ग. उद्देश्य

उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु ।

## रणनीति

उल्लेखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न निम्नानुसार पाँच प्रमुख रणनीतिहरू अघि सारिएका छन् :

१. कृषि क्षेत्रको रूपान्तरण, पर्यटन, औद्योगिक एवं साना तथा मझौला व्यवसायको विस्तारमार्फत् उत्पादन वृद्धि गर्ने ।

२. ऊर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण-सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने ।

३. सामाजिक विकास र सामाजिक सुरक्षा एवं सामाजिक संरक्षणमा जोड दिँदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने ।

४. आर्थिक, सामाजिक एवं शासकीय सुधार, कुशल एवं जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने ।

५. लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने ।

# ४.राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शनहरु :

## पुर्वशर्त

यो मार्गदर्शन वमोजिम तर्जूमा गरिएको बजेट तथा कार्यक्रम संविधान कार्यान्वयन तथा संघीयता कार्यान्वयनको संक्रमणकालीन अवस्थामा जिल्ला विकास समितिहरु नरहने अवस्था भएमा स्थानीय तहमा कार्यक्रम तथा बजेट व्यवस्थापन गराउनु पर्नेछ ।

### क. समष्टीगत मार्गदर्शन

१. चौधौ योजना (आर्थिक वर्ष २०७३÷७४-२०७५÷७६) को लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी जिल्लास्तरीय वार्षिक विकास कार्यक्रम तर्जूमा गर्ने । साथै सो योजनाको प्रादेशिक तथा स्थानीय पुर्वाधार (५.५) र संघीयता तथा स्थानीय स्वायत्त शासन (७.२.१) कार्यान्वयनमा प्राथमिकता दिने

२. कार्यक्रम तर्जूमा गर्दा दिगो विकासका लक्ष्यहरु (SDG)का सम्वन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्न सक्ने कार्यक्रमहरुलाई प्राथमिकता दिने

३. जिल्लाको आवधिक जिल्ला विकास योजना, क्षेत्रगत गुरु योजना वा रणनैतिक योजना (कृषि, उद्योग, पर्यटन, सडक,विपद, जलवायु , वातावरण) आदि, जिल्ला पुर्नलाभ योजना तयार भइसकेको भए ती योजनाहरुलाई समेत आधार मानेर वार्षिक विकास कार्यक्रम तर्जमा गर्ने ।

४. जिल्ला विकास समिति र जिल्लास्थित क्षेत्रगत कार्यालयका सम्पुर्ण कार्यक्रमहरुलाई समेटी स्थानीय स्वायत्त शासन ऐन र नियमावलीलाई समेत आधारमानि एकीकृत रुपमा वार्षिक योजना तर्जूमा गर्ने । यसकार्यमा क्षेत्रगत निकायहरुले अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको १४ चरणको योजना तर्जूमा प्रकृयावाट माग भई आएका योजनालाई वार्षिक कार्यक्रममा समावेश गर्ने । साथै क्षेत्रगत निकायहरुले जिल्ला विकास समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

५. स्थानीय निकाय र क्षेत्रगत निकायहरुले कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा स्थानीय निकायमा हुने पुर्नसंरचनालाई सहयोग पुग्ने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

६. विनासकारी भुकम्पवाट अति प्रभावित १४ जिल्ला तथा आशिंक प्रभावित १७ जिल्लामा हुने पुन: निर्माण र पुर्नस्थापना कार्यक्रमलाई उच्च प्राथमिकता दिने ।

७. जिल्ला विकास समितिले स्थानीय निकायहरु, क्षेत्रगत सरकारी कार्यालयह्रु, जिल्लामा कृयाशिल गैर सरकारी संस्थाहरु, दातृ निकायका स्थानीय एकाईहरु, नागरिक समाज एवं नीजि क्षेत्रवाट लगानी हुने साधन स्रोतको एकीकृत विवरणहरु तयार गरी सवै साझेदार र सरोकारवालाहरुसंग अर्न्तकृया र समन्वय गरी वार्षिक विकास योजना तर्जूमा गर्ने कार्यको अगुवाई गर्ने ।

८. वैदेशिक सहयोगमा संचालित आयोजनाहरुको हकमा नेपाल सरकारको विकास सहायता नीति, २०७१ तथा दातृ निकायसंग भएको सम्झौता अनुरुप हुने गरी कार्यान्वयन व्यवस्था मिलाउने ।

९. नेपाल पक्ष भएका महिला, वालवालिका, अपांगता भएका व्यक्ति र आदिवासी जनजातिसंग सम्वन्धित अन्तराष्ट्रिय संन्धी सम्झौतामा उल्लेख भएका विषयमा राष्टिय दायित्व पुरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ समावेश गर्ने

१०. जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, सेन्दाइ विपद जोखिम न्युनीकरण संरचना र विपद् पछिको आवश्यकता आंकलन संरचना, अपांग मैत्री एंव वालमैत्री स्थानीय शासन, पोषण सुधार, लैंगिक उत्तरदायि बजेट विनियोजन जस्ता वहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय निकायको अगुवाईमा तत्सम्वन्धी प्राथमिकताहरु प्रतिविम्वित हुनेगरी वार्षिक कार्यक्रममा कृयाकलापहरु समावेश गर्ने ।

११. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्ने सम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी वातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने ।

१२ विपद् जोखिम न्यूनिकरण सम्बनधमा स्थानीय तहको बहु प्रकोप जोखिम लेखाजोखा, विपद् पूर्व तयारी, विपद न्यूनीकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद पुनर्लाभ/पुनर्निर्माण सम्बन्धी कार्यहरु पहिचान, बहु प्रकोप जोखिम संवेदनशील योजना तथा विपद्/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्राथमिकताहरु स्थानीय विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

१३. नयाँ आयोजना प्रस्ताव गर्दा अनुसूची १ मा संलग्न फाराम भरी अनिवार्यरुपमा स्वीकृत भएको हुनु पर्ने । साथै, उक्त प्रस्ताव आयोजनाको लागत, समयावधी, लाभको परिमाण र गुणस्तर स्पष्ट भएको हुनु पर्ने । समयावधी किटान नभएको आयोजनालाई प्रस्ताव नगर्ने ।

## ख. आयोजनाहरुको तर्जुमा एवं छनौट सम्बन्धमा ।

१४. विकास आयोजनाहरुको छनौट गर्दा आयोजनाको सर्वेक्षण, ड्र्ईङ्ग, डिजाईन तथा लागत इस्टिमेट लगायत सम्पूर्ण योजना प्रकृया पुरा भएका आयोजनाहरु मात्र समावेश गर्ने ।

१५. आयोजनाहरु छनौट गर्दा उत्पादनशील रोजगारी बृद्धी, गरिबी न्यूनीकरण, समावेशी विकासमा सहयोग पुऱ्याउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीमा बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

१६. आयोजना छनौट तथा विनियोजन गर्दा भूगोल (क्षेत्रफल २० प्रतिशत), गरिबी (मानव विकास सुचकाङ्क ३२.५ प्रतिशत), जनसंख्या (४० प्रतिशत) र सेवा प्रवाह लागत (७.५ प्रतिशत) आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

१७. नयाँ घोषणा गरिएका नगरपालिकाहरुको भौतिक तथा अन्य पूर्वाधार विकासलाई प्राथमिकता दिने ।

१८. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१९. सम्पन्न भईसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर संचालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत संभार बजेटको व्यवस्थापन गर्ने ।

२०. चालु खर्च सकेसम्म नियन्त्रण गर्ने । राजनैतिक प्रकृतिका आयोजनाहरुलाई बजेट नछुट्याउने ।

२१. स्थानीय निकायको अगुवाईमा हुने सहभागितामूलक समावेशी वार्षिक ओजना प्रकृया (चौध तहको योजना प्रकृया) बाट माग भै आउने आयोजना मध्ये जिल्लास्तरमा सम्बोधन गर्न नसकिने आयोजनाहरुलाई केन्द्रियस्तरमा समावेश गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालय मार्फत त्यस्त माँगहरुको व्यवस्थापन गर्ने ।

२२. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालयले अन्य सरकारी निकाय, निजी क्षेत्र र नागरिक समाजसँग अन्तर्क्रिया एवं समन्वय गरी सूचना एकिकृत गराई समभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

२३. पूर्वाधारतर्फ निर्माण अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

२४. विपद् जोखिम न्यूनिकरणसम्बन्धी योजना छनौट गर्दा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकीकरण गरेको कार्यक्रमलाई समावेश गर्ने ।

२५. क्रमगत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतीको आधारमा छिटो सम्पन्न हुने गरी प्रस्ताव गर्ने । लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

२६. जिल्ला खाद्य सुरक्षा कार्यक्रम/आयोजना तर्जुमा गर्दा जिल्ला खाद्य सुरक्षा सञ्जालले तायार पारेका खाद्य सुरक्षा प्रतिकार्य योजनालाई आधार बनाउने ।

## ग. आयोजनाको कार्यन्वयन सम्बन्धमा ।

२७. जिल्लामा पुगेको श्रोतलाई न्यायोचितरुपमा जनता समक्ष पुर्‍याउन जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायबाट हुने विकास कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२८.स्थानीय निकायले अन्य संघ संस्थासाग सहकार्य गरी संयुक्त लगानीमा सञ्चालन गर्ने कार्यक्रम आयोजनाहरुका लागी सम्झौता बमोजिमको आवश्यक पर्ने साझेदारी वा लागत सहभागिता रकम सम्पुरक कोषमा आवश्यक रकम छुट्याउने ।

२९. कार्यक्रम आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला विकास समितिले वार्षिक कार्यतालिका बनाई लागु गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा जनसहभागिता

३०. कार्यक्रम आयोजनाको संचालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र केन्द्रिय निर्देशन तथा स्थानीय निकायले अवलम्वन गरेको नीतिको अधिनमा रही नगद श्रम वा स्थानीय सामाग्रि समेतको योगदानको अनुपात निर्धारण गर्ने ।

३१. स्थानीय निकायबाट संचालन गरिने पुर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम आयोजना संचालन गर्दा श्रममुलक तथा वातावरण मैत्री प्रविधि अपनाउने तर श्रम जुटन नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

३२. वार्षिक योजना तथा कार्यक्रम तयार गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विनियोजित रकमको सिमाभित्र रही भौतिक पुर्वाधार निर्माण कार्यका् सुनिश्चितता कायम गर्न सहयोग गर्ने गरी ब्यवस्थापिका संसदको माननीय सदस्यहरुले छनौट गर्नु हुने पुर्वाधार आयोजनाहरु जनसहभागिताका आधारमा संचालन गरिने प्रत्येक निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतलाई योजना प्रक्रियामा ल्याउने प्रयोजनका लागि सम्वन्धित क्षेत्रका ब्यवस्थापिका संसदका माननीय सदस्यहरुसाग समन्वय गरी यसमा समावेश गर्ने ब्यवस्था मिलाउने ।

३३. जनसहभागितामा आधारित कार्यक्रम लगायत निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना तर्जुमा गरी माग गर्ने आयोजनाहरुको सुची र लागत सहित तत् सम्वन्धी निर्देशिका र जिल्ला विकास समिति योजना पुस्तिकामा रहेको क्रमागत सुचीहरुलाई मध्यनजर गरी कार्यान्वयन हुने ब्यवस्था मिलाउने ।

## घ. अनुगमन मूल्यांकन सम्वन्धमा

३४. एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

३५. अनुगमन तथा मूल्यांकन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने ।

## ङ. अन्तरसम्वन्धित विषयहरु (Cross Cutting Issues)

३६. रोजागारी सिर्जना, गरिवी न्यूनीकरण, विपद् तथा जलवायु जन्य जोखिम न्यूनीकरण, विपद् ब्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरिय र वातावरणमैत्री स्थानीय पुर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँच, सामाजिक सुरक्षा, अपांगमैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैंगिक उतरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तिकरण जस्ता विषयलाई उच्च प्राथमिकता राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

३७. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लागत अद्यावधिक गरी राख्ने । यस्तो रकमको भुक्तानी वैकिंग प्रणालीमार्फत गर्ने व्यवस्थालाई थप विस्तार गर्ने ।

३८. स्थानीय तहमा सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपद्बाट हुन सक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाा विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

३९. विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि स्थानीय निकायको आन्तिरिक श्रोतको निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाउने र यस सम्वन्धी कार्यक्रमहरु स्थानीइ योजना तर्जुमा पक्रियामा समावेश गराउने ।

४०. विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने समूह, क्लव विद्यालय, उपभोक्ता समिति र गाविसलाई तहगत रुपमा दिईने अनुदानमा १० प्रतिशत थप गरी प्रोत्साहित गर्ने व्यवस्था मिलाउने । यसका लागि जिल्ला विकास समितिले नागरिक वाडा मञ्च, गाविस वा नगरपालिका परामर्श समिति वा विपद् व्यवस्थापन समितिलाई अभिमुखिकरण गर्ने ।

## ५.जिल्लाको प्राथमिकताको आधारमा लालबन्दी नगरको नविनतम कार्यको अवधारणा :

- जब्दी, पत्थरकोट र लालबन्दी क्षेत्रमा कम्तिमा एक बहु उपयोगी पोखरी, एक उत्पादन, एक खेल मैदान, एक पर्यटकीय स्थल र एक कृषि□पशु र जनस्वास्थ्य प्राविधिकको अवधारणा।
- वातावरणमैत्री स्थानीय शासन (हरितग्राम) लागू : एक घर – दुई विरुवा र फूलबगैंचा ।
- पूर्ण साक्षर अभियान, शतप्रतिशत विद्यालय भर्नादर ।
- वालमैत्री स्थानीय शासन लागू, पूर्ण खोप र बालश्रम निषेध नगर निर्माण
- महिला हिंसा मुक्त नगर र शतप्रतिशत व्यक्तिगत घटना दर्ता ।
- दिगो विकासकालागि ठुला पुर्वाधार निर्माणमा जोड ।
- सार्वजनिक जग्गाहरूको खोजी, लगत संकलन र संरक्षण ।

- उपभोक्ता मार्फत संचालन हुने आयोजनामा नगदै लागत सहभागिता अनिवार्य
- बृहत नगर विकास योजना तयारी ।
- राष्ट्रिय मापदण्ड अनुरूप प्लाष्टिक प्रयोगमा बन्देज ।
- राष्ट्रिय भवन सहिंता र भवन निर्माण मापदण्ड लागू गर्ने ।
- हरेक आयोजना वा कार्यक्रममा पेश्की शुन्य नीति अवलम्बन गर्ने ।
- नगर यातायात गुरू योजना अनुसार सडक सिमा कायम गरी प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै जाने ।
- राजमार्गको बजार क्षेत्र र अन्य चोकहरूमा पार्किङ्ग स्थल तोकी थप सौर्य सडक बत्तीको व्यवस्थापन गर्दै जाने।

# ६.लक्षित वर्गका कार्यक्रमहरूको प्राथमिकता :

- **वालवालिका कार्यक्रम** : विद्यालयको पूर्वाधार विकास र वालमैत्री स्थानीय शासन प्रवर्द्धन ।
- **महिला, दलित, आ.जनजाति, एवं अन्य लक्षित बर्गका कार्यक्रम** : खानेपानी तथा सरसफाई व्यवस्थापन, वैकल्पिक उर्जा, वर्थि□ सेन्टर निर्माण एवं स्वास्थ्य परीक्षण, वातावरण संरक्षण एवम् सम्बन्धित लक्षितवर्गको आर्थिक तथा सामाजिक विकासकालागि सशक्तिकरण र क्षमता विकास ।

# ७.आयोजना□कार्यक्रमको वर्गीकरण र प्राथमिकीकरण :

- **क) वित्तिय लगानी, लगानीकर्ता र कार्यान्वयन क्षमताको आधारमा कार्यान्वयन हुने :**
- उपभोक्ता समिति, सामुदायिक संस्था र टोल विकास संस्थाले कार्यान्वयन गर्ने ।
- नगरपालिकाले कार्यान्वयन गर्ने ।
- जिविसले कार्यान्वयन गर्ने ।
- विषयगत कार्यालय□मन्त्रालयले कार्यान्वयन गर्ने ।
- गै.स.स.□दातृ निकायले कार्यान्वयन गर्ने ।
- **ख) आयोजनाहरूको अवस्थाको प्रकृतिका आधारमा कार्यान्वयन हुने :**
- निर्माणाधीन, अधुरो र क्रमागत ।
- पुरानो आयोजना मर्मत
- नया□आयोजना

- **ग)    विषयगत क्षेत्रको आधारमा कार्यान्वयन हुने :**

- **आर्थिक विकास** :— कृषि, वागवानी, सिंचाई, पशुपालन, वित्तिय सेवा, वनखानी र पर्यटन उद्योग, र व्यापार सम्बन्धी कार्यक्रमहरू ।
- **सामाजिक विकास** :— शिक्षा, स्वास्थ्य, संस्कृति र सम्पदा, मनोरञ्जन, खेलकूद, मानवीय क्षमता विकास कार्यक्रम, लैंगिक तथा उत्पिडित वर्ग, महिला, वालवालिका, अपा□, □न्द पिडित, सामाजिक सुरक्षा, रक्षात्मक□आपत्कालीन सेवासम्बन्धी कार्यक्रम ।
- **वन तथा वातावरण विकास** :— वृक्षारोपण, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन प्रभाव न्युनिकरण, फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण र विपद् व्यवस्थापन सम्बन्धी ।
- **भौतिक पूर्वाधार विकास** :— सडक, पुल तथा यातायात, आवास तथा जग्गा विकास, खानेपानी तथा सरसफाई, विद्युत र वैकल्पिक उर्जा, संचार र प्रविधि एवं भवन सम्बन्धी
- **संस्थागत स्रोत तथा क्षमता विकास** :— सुशासन, नागरिक समाजको सवलिकरण, सशक्तिकरण, समन्वय र संजाल विकास, संगठनात्मक विकास, क्षमता अभिवृद्धि, अनुगमन र सुपरिवेक्षण, नीति योजना तर्जुमा र स्थानीय स्रोत साधन र क्षमता विकास सम्बन्धी ।

## घ.) योजना छनौटका सूचकहरु :

| सि.नं. | सुचकहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | गरिबी न्यूनिकरणमा योगदान | २० | निम्न अङ्क प्राप्त गर्ने योजनालाई प्राथमिकताका आधरमा छनौट गरिनेछ ।<br>-८०% भन्दा बढी प्रथम प्रा.१<br>-६०% भन्दा बढी द्बितिय प्रा.२<br>-६०% भन्दा कम तृतिय प्रा.३ |
| २ | आवधिक जिल्ला विकास योजनाको प्राथमिकता | २० | |
| ३ | मानव विकास सूचक स्थिम | १० | |
| ४ | लाभान्वित वर्ग मध्ये लक्षित वर्गको प्रतिशत | १० | |
| ५ | आयोजनाको भौगोलिक विकटता | १० | |
| ६ | जनसहभागिताको अनुपात | १० | |
| ७ | क्रमागत योजना | १० | |
| ८ | स्थानीय श्रोत साधनको उपयोग | ५ | |
| ९ | बजेटको निश्चितता | ५ | |
| | **जम्मा** | **१००** | |

## ८.क्षेत्रगत विकासका लागी लगानी गरिने क्षेत्रहरू :

- क) शिक्षा :
- ख) स्वास्थ्य :
- ग) खानेपानी तथा सरसफाई :
- घ) कृषि तथा पशुपालन :
- – )सडक, पुल पुलेसा :
- च) दैवी प्रकोप तथा विपद् व्यवस्थापन :
- छ) वन तथा वातावरण संरक्षण :
- ज) सिंचाई व्यवस्थापन :
- झ) ग्रामीण विद्युतीकरण र नवीकरणीय उर्जा :
- ञ) लैंगिक समानता र मूलप्रवाहिकरण :
- ट) सामाजिक परिचालन :

# ९.विषयगत कार्यालय र गै.स.स. हरूको भूमिका :

- नगरको योजना तर्जुमा प्रकृयामा अनिवार्य रूपमा सहभागी हुने ।
- आआफ्नो कार्यालय र संस्थाबाट संचालन भएका र हुने बजेट नीति तथा कार्यक्रम बारे जानकारी गराउने
- वडा वस्तीस्तर हुंदै नगर परिषद्बाट स्वीकृत भएका कार्यक्रमहरू मात्र संचालन गर्ने ।
- आआफ्नो कार्यालय र संस्थाको आगामी वर्षको कार्यक्रम नगर परिषद्बाट पारित गराउने ।

# १०.सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृया :

- वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सहभागिता ।
- वालवालिका, युवा, महिला, पिछ्डिएको वर्ग( आ.जनजाति, पिछ्डावर्ग(OBC), मधेशी, मुस्लिम, अपा□, जेष्ठ नागरिक, तेश्रो लिं□ी, तथा अति सिमान्तकृत र विपन्न समुदायको सहभागिता
- संस्थागत उपभोक्ता समूह र सामुदायिक संस्था□समूहको सहभागिता
- विषयगत कार्यालय र गै.स.स.हरूको सहभागिता
- नागरिक समाज र राजनैतिक दलहरूको सहभागिता

# १०.सहभागितामुलक समावेशी वार्षिक योजना तर्जूमा प्रकृयाका चरणहरु

**प्रथम चरण (मार्गदर्शन)**

| | |
|---|---|
| समय → | कार्तिक मसान्त सम्ममा |
| काम कार्यहरु → | केन्द्रीयस्तरका विषयगत मन्त्रालयहरु र रा.यो.आ.वाट मार्गदर्शन र अनुदान सिमा पठाउने |

# दोश्रो चरण(मार्गदर्शनको पुनरावलोकन)

**समय** → मंसिरको पहिलो हप्तासम्ममा

**काम÷कार्यहरु** → विषयगत मन्त्रालय÷राष्ट्रिय योजना आयोगबाट प्राप्त अनुदानको पूर्वानुमान, नीति र मार्गदर्शनको विश्लेषण एवं पुनरावलोकन गर्ने

**उत्तरदायी संस्था** → जि.वि.स.,न.पा.

# तेश्रो चरण (योजना तर्जूमा बैठक)

**समय** → मंसिरको महिनाको दोश्रो हप्तासम्ममा

**काम÷कार्यहरु** →

- ✓ विषयगत निकायहरुको नीति, उद्देश्य, कार्यक्रम, स्रोत, साधन तथा आगामी वर्षमा प्राप्त हुने कार्यक्रम र अनुदान सीमा वारेमा जानकारी गराउने गाविस,न.पा. अनुसार अनुमानित अनुदान छुट्याउने ।
- ✓ वस्तीस्तरमा भर्नुपर्ने योजना अनुरोध फाराम वितरण र उक्त फाराम भर्ने तरिकाको अभ्यास गाविस,न.पा. अध्यक्ष, उपाध्यक्ष, सचिव र अन्यलाई गराउने ।

# चौथो चरण -न.पा.को बैठक)

| | |
|---|---|
| समय | पौषको पहिलो हप्तामा |
| काम÷कार्यहरु | न.पा.ले वडा-वस्तीस्तरमा संचालन हुने कार्यक्रम बारे अध्ययन र विश्लेषण गर्ने । |
| उत्तरदायी संस्था | गाविस |

# पाचौं चरण (वस्तीस्तरको योजना छनौट)

समय → पौषको पहिलो हप्ता भित्रमा

काम/कार्यहरु → ▪वस्तीका अधिकतम परिवारलाई फाइदापुग्ने आयोजनाहरु सहभागितात्मक छलफलद्धारा पहिचान एवं प्राथमिकताक्रम निर्धारण गर्न स्थानीय जनता /सामूदायिक संस्था /उपभोक्ता समूहहरुलाई परिचालन गर्ने ।

संलग्न हुने सहभागी → वडा नागरिक मन्चका सदस्यहरु

# छैठौं चरण (वडा समिति वैठक)

**समय** → पौष महिनाको दोश्रो हप्ता भित्र

**काम÷कार्यहरु** → वस्तीस्तरवाट प्राप्त आयोजनाहरुको वडास्तरमा प्राथमिकताक्रम निर्धारण गर्ने

# सातौं चरण -न.पा.वैठक)

**समय** → पौष महिनाको तेश्रो हप्ता भित्रमा

**काम÷कार्यहरु** →

- प्रत्येक वस्तीस्तरवाट प्राप्त आयोजनाहरु सूचिकृत गर्ने
- आयोजनाहरुको वर्गीकरण र उपलब्ध हुने स्रोत -साधनको निधो गर्ने
- आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्ने र न.पा. स्रोतवाट संचालन गर्न सक्ने र नसक्ने आयोजनाहरु छुट्याउने र सोको सूचि र अनुमानित लागत समेत तयार गर्ने

उत्तरदायी संस्था → नगरपालिका

संलग्न हुने सहभागी → नगरपालिकाका पदाधिकारीहरु र विषयगत शाखाहरुका प्रतिनिधि

↓

एकीकृत योजना तर्जुमा समिति

# आठौं चरण - नगर परिषद)

**समय** → पौष मसान्त भित्रमा

**काम÷कार्यहरु** →

गाँऊ-वस्तीस्तरवाट आएका आयोजनाहरु मध्ये

- न.पा.को आफ्नै स्रोत र साधनले संचालन गर्ने आयोजनाहरु कार्यान्वयनको लागि न.पा. विकासका आयोजनामा स्वीकृति दिने
- न.पा.को श्रोत साधन एवं क्षमता भन्दा वाहिरका आयोजनालाई प्राथमिकताक्रम तोकी नगरस्तरीय योजनाहरु आवश्यकता अनुसार जिविस र केन्द्रमा आवश्यक कार्वाहीको लागि पठाउने

# नवौं चरण (इलाकास्तरीय योजना तर्जूमा गोष्ठी)

**समय** → माघको तेश्रो हप्तासम्ममा

**काम/कार्यहरु** →

- इलाका भित्रका गाविस र नगरपालिकाको परिषदवाट स्वीकृत भएका आयोजनाहरुलाई विषयगत क्षेत्र भित्र पेश गर्ने गरी आयोजनाको प्राथमिकताक्रम निर्धारण गरी जिविसको विषयगत समितिमा पठाउने
- इलाका संयोजक/जिविस सदस्यले सम्वन्धित इलाका भित्रका आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्न आ-आफ्ना इलाकामा गोष्ठी आयोजना गर्ने

# दशौं चरण ( विषयगत योजना तर्जूमा समिति वैठक )

**समय** → फाल्गुणको पहिलो हप्तासम्ममा

**काम/कार्यहरु** → इलाकाहरुवाट प्राप्त आयोजनालाई विषयगत योजना तर्जुमा समितिले जिल्लास्तर र केन्द्रीयस्तरको आयोजनामा समावेश गर्ने गरी वर्गीकरण गर्ने र त्यस्ता आयोजनाको प्राथमिकताक्रम समेत निर्धारण गरी एकीकृत योजना तर्जुमा समितिमा मस्यौदा पेश गर्ने

# एघारौं चरण ( एकीकृत योजना तर्जूमा समिति वैठक )

| | |
|---|---|
| समय | फाल्गुणको दोश्रो हप्तासम्ममा |
| काम÷कार्यहरु | आयोजना-आयोजनावीच परिपूरक र परिपोषक सम्वन्ध हेरी आवश्यक्तानुसार संसोधन, थपघट एवं प्राथमिकताक्रम राखी जिविस वैठकमा जिल्ला विकास योजनाको मस्यौदा पेश गर्ने |
| संलग्न हुने सहभागी | गाविस, न.पा., जिविस र विषयगत शाखाहरुका प्रतिनिधि |

# बाह्रौं चरण ( जिविस वैठक )

**समय** → फाल्गुणको तेश्रो हप्ताभित्रमा

**काम-कार्यहरु** →

- जिल्ला विकास योजनालाई अन्तिम रुप दिन, नेपाल सरकारवाट प्राप्त नीति, मार्गदर्शन, आवधिक योजनाको लक्ष्य, भू-उपयोग नक्शा, वस्तुगत विवरण, स्रोत नक्शा, वातावरणीय प्रभाव र इलाका-इलाका वीचको सन्तुलन आदि वारेमा विश्लेषण गर्नेअनुसार संसोधन, परिमार्जन गरी आयोजनाको विवरण जिविसमा पठाउने

# तेह्रौं चरण (जिल्ला परिषद)

| | |
|---|---|
| समय | फाल्गुण मसान्त भित्रमा |
| काम/कार्यहरु | प्रस्तावित जिल्ला विकास योजनाको मस्यौदामा व्यापक छलफल गरी आवश्यक सुझाव सहित जिल्ला विकास योजना परिषदवाट पारित गर्ने |
| उत्तरदायी संस्था | जिविस |
| संलग्न हुने सहभागी | जिल्ला परिषदका पार्षदहरु |

# चौधौं चरण (जिल्ला विकास योजनाको कार्यान्वयन)

| | |
|---|---|
| समय | चैत्र १० गते भित्र |
| क्रम-कार्यहरु | ▪ जिल्ला परिषदवाट पारित योजना स्था.वि.म. र रा.यो.आ.मा पठाउने<br>▪ विषयगत मन्त्रालयसंग सम्वन्धित निर्णय सम्वन्धित मन्त्रालयमा पठाउने |
| उत्तरदायी संस्था | जिविस |
| संलग्न हुने सहभागी | रा.यो.आ., स्था.वि.म. र विषयगत मन्त्रालयहरु |

## ११.आगामी आ.व.०७४□०७५ का लागि लालबन्दी नगरपालिकाको बजेट पूर्वानुमान :

- क) केन्द्रबाट प्राप्त हुने अनुमानित बजेट सिलि□ :

| सि.नं. | बजेट शिर्षक | अनुमानित बजेट |
|---|---|---|
| १ | न.पा. अनुदान | ४,१०,९२,७००।०० |
| २ | नगरक्षेत्र पुर्वाधार विकास कार्यक्रम | १,५६,६०,७००।०० |
| ३ | सडक बोर्ड | १५,००,०००।०० |
| | **जम्मा** | **५,८२,५३,४००।००** |

- ख) आन्तरिक श्रोत

| सि.नं. | बजेट शिर्षक | अनुमानित बजेट |
|---|---|---|
| १ | आन्तरिक श्रोत | ६५,००,०००।०० |
| २ | मालपोत रजिष्ट्रेशन शुल्क | २८,००,०००।०० |
| ३ | राजश्व बाँडफाँड (जि.वि.स.) | ७,००,०००।०० |
| | **जम्मा** | **१,००,००,०००।००** |

**कुल पुंजिगत बजेट : रू. ६,८२,५३,४००।००**

ग) चालु खर्च(कार्यालय संचालन तथा सा.सु.भत्ता समेत) :४,५०,००,०००।००

**कुल बार्षिक बजेट :रू.११,३२,५३,४००।००**

# १२.वडागत वजेट विभाजन

- सम्भावित ठुला पुर्वाधार बाहेक प्रत्येक वडामा लक्षित वर्गको पूर्वाधार विकास तर्फको वजेट समेतबाट रू.१० लाख भन्दा माथिको कम्तीमा १ आयोजनासहित वढीमा सरदर रू.१७ लाख भित्रका आयोजना वा कार्यक्रम नगरपालिकाले संचालन गर्ने गरी छनौट गरी पठाउनु पर्नेछ ।

# १३.आगामी आ.व.०७४□०७५ का लागि लालबन्दी नगरपालिकाको योजना तर्जुमा कार्य योजना :

| सि. नं. | कार्यक्रम विवरण | मिति | | कार्यान्वयन स्थल |
|---|---|---|---|---|
| | | देखी | सम्म | |
| १ | गाउ□वस्तीका आयोजना संकलन | २०७३।०८।२२ | २०७३।०८।२७ | हरेक वड-का टोलवस्तीहरू |
| २ | वडा भेला | २०७३।८।२९ | २०७३।९।०३ | संयुक्त वडा कार्यालय |
| ३ | वडाका आयोजना कार्यक्रम न.पा.मा पेश गर्ने | २०७३।९।४ | २०७३।९।५ | लालबन्दी नगरपालिका |
| ४ | विषयगत योजना तर्जुमा समिति वैठक | २०७३।९।६ | २०७३।९।७ | लालबन्दी नगरपालिका |
| ५ | बिषयगत निकाय, गै.स.सं. तथा लक्षित समुदायसंग समन्वय बैठक | २०७३।९।८ | २०७३।९।८ | लालबन्दी नगरपालिका |
| ६ | एकीकृत योजना तर्जुमा समिति वैठक | २०७३।०९।०९ | २०७३।०९।१० | लालबन्दी नगरपालिका |
| ७ | नगरपालिका वोर्ड वैठक | २०७३।०९।११ | २०७३।०९।१२ | लालबन्दी नगरपालिका |
| ८ | तेश्रो नगर परिषद | २०७३।०९।१४ गते विहिवार | | लालबन्दी नगरपालिका सभाहल |

# योजना तर्जुमाका लागि वडा भेलाको कार्य तालिका :

| वडा नं. | वडा भेला हुने मिति | स्थान | कैफियत |
|---|---|---|---|
| २ | २०७३□०८□२९ | डेरी चौक, हरिभवन | |
| ४ | २०७३□०८□२९ | राधा कृष्ण सामुदायिक वन | |
| ९ | २०७३□०८□२९ | हिरापुर पानीट्याङ्की चोक | |
| ३ | २०७३□०८□३० | शान्ती चौक, चौतारा | |
| ८ | २०७३□०८□३० | नि.मा.वि., चन्द्रपुर | |
| १० | २०७३□०८□३० | जियाजोर, चौतारा | |
| १ | २०७३□०९□०१ | मनपुरण नि.मा.वि., भैरवपुर | |
| ६ | २०७३□०९□०१ | नि.मा.वि., खतिवडा चोक | |
| ११ | २०७३□०९□०१ | संयूक्त वडा कार्यालय, पत्थरकोट | |
| ७ | २०७३□०९□०२ | बस्तीपुर, चौतारा | |
| ५ | २०७३□०९□०३ | डुमडुमे मन्दीर | |

# १४.सुझावहरू ....?????

१. ...............................

२.....................................

# धैर्यताका लागी धन्यवाद

